# इन्टरनेटविना सन्देश पठाउन सकिने 'बिटच्याट' एप सार्वजनिक

■ एजेन्सी
**वासिङटन डीसी, असार २४**

ट्विटरका सहसंस्थापक ज्याक डोर्सीले नयाँ मेसेजिङ एप 'बिटच्याट' सार्वजनिक गरेका छन् । यो एपमा इन्टरनेट नभए पनि सजिलै म्यासेज पठाउन सकिन्छ । प्रयोगकर्ताहरूले यो एपमार्फत इन्टरनेटविना नै सन्देश पठाउन सक्नेछन् ।

यो गोपनीयताकेन्द्रित मेसेजिङ एप पियर-टु-पियर प्रविधिमा आधारित रहेको बताइएको छ । यसलाई कुनै पनि केन्द्रीकृत सर्भर वा फोन नेटवर्कको आवश्यकता पर्दैन । हाल, यो एप टेस्ट फ्लाइट प्लेटफर्ममा आईफोन प्रयोगकर्ताहरूको लागि मात्र उपलब्ध छ ।

ह्वाट्सएप वा टेलिग्राम जस्ता सन्देश पठाउन मिल्ने परम्परागत एपभन्दा फरक यो बिटच्याट पूर्ण रूपमा विकेन्द्रीकृत छ । प्रयोगकर्ताहरूले इमेल वा फोन नम्बरको साथ खाता सिर्जना गर्न आवश्यक पर्दैन । सन्देशहरु प्रयोगकर्ताको उपकरणमा मात्र भण्डारण गरिन्छन् र केही समयपछि स्वचालित रूपमा मेटाइन्छ । यसले प्रयोगकर्ताको गोपनीयता र सेन्सरशिपबाट सुरक्षा सुनिश्चित गर्दछ ।

बिटच्याट हाल बिटा परीक्षण चरणमा छ र एप्पलको टेस्टफ्लाइट प्लेटफर्ममा मात्र उपलब्ध छ । यसको सुरूवात भएको केही समयमै १० हजार जना मानिसले यसको प्रयोग गरेका थिए ।




# अमेरिकाले शुल्क स्थगन गरे पनि व्यापारमा स्थायित्व छैन : संयुक्त राष्ट्रसंघ

■ एजेन्सी
**जेनेभा, असार २४**

संयुक्त राष्ट्रसंघले एक विज्ञप्ति जारी गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित आयात शुल्क केही हप्ताका लागि स्थगन गरिएको निर्णयले विश्वव्यापी व्यापार वातावरणमा अनिश्चितता झनै गहिरिएको चेतावनी दिएको छ ।

राष्ट्रपति ट्रम्पले यसअघि अप्रिल २ मा सबै मुलुकका सामानहरूमा कम्तीमा १० प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गरेका थिए । तर बजारमा देखिएको अस्थिरता पछि उनले ती शुल्कहरु जुलाई ९ सम्म स्थगन गर्ने निर्णय गरेका थिए । पछिल्लो निर्णयअनुसार, सम्झौता गर्न समय दिनका लागि यो म्याद अब अगस्ट १ सम्म लम्ब्याइएको छ ।

संयुक्त राष्ट्रसंघ अन्तर्गतको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आईटीसी) की निर्देशक पामेला कोक-ह्यामिल्टनले सोमबार जेनेभामा आयोजित पत्रकार सम्मेलनमा भने, 'शुल्क केही समयका लागि रोकिए पनि, यो निर्णयले व्यापारिक अनिश्चितता अझ लम्ब्याएको छ । यस्ता अवस्थाले लगानी र दीर्घकालीन व्यापार सम्झौताहरूमा नकारात्मक असर पार्न सक्छ ।'

उनले व्यापारका लागि स्थायित्व र पूर्वानुमानयोग्यता अत्यावश्यक हुने स्पष्ट पारे । 'नियम पटक-पटक बदलिदा व्यवसायले भविष्यको योजना बनाउन सक्दैन,' उनले भने ।

कोक-ह्यामिल्टनले हालका व्यापारिक चुनौती केवल अमेरिकासँग मात्र सीमित नरहेको उल्लेख गरे । युक्रेन युद्ध, आपूर्ति समस्या, वस्तुको मूल्यवृद्धि र घट्दो अन्तर्राष्ट्रिय सहयोगले विश्व व्यापारमा थप दबाब सिर्जना गरेको बताउँदै उनले यो समयलाई 'एक प्रकारको संकटको आँधीबेहरी' भनेर चित्रण गरेका छन् ।

यद्यपि, उनले विकासशील देशहरूले आफ्ना क्षेत्रीय बजार बलियो बनाउन, आफ्नै देशमै प्रशोधन प्रक्रिया बढाउन, साना व्यवसायलाई प्रवर्द्धन गर्नेजस्ता उपायबाट केही स्थायित्व र नयाँ अवसरहरु पाउन सक्ने उल्लेख गरे । साथै, चीनले अफ्रिकी देशहरूलाई आफ्नो बजारमा शुल्करहित पहुँच दिने घोषणा एउटा सकारात्मक सम्भावना भएको उनले बताए ।

## इजरायलले पनि गऱ्यो ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि मनोनयन

वासिङ्टन डी सी, असार २४ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई नोबेल शान्ति पुरस्कारका लागि मनोनित गरेका छन् । अमेरिका भ्रमणमा रहेका नेतान्याहूले मंगलबार ह्वाइट हाउसमा राष्ट्रपति ट्रम्पलाई भेटेर आफूले नोबेल शान्ति पुरस्कारका लागि मनोनयन गरेको जानकारी दिएका हुन् ।

नेतान्याहूले ट्रम्पलाई नोबेल पुरस्कार समितिलाई पठाएको पत्र देखाएका थिए । त्यसपछि यो पुरस्कारका लागि ट्रम्प योग्य पात्र भएको बताए । प्रधानमन्त्री नेतान्याहूले मध्यपूर्वमा शान्तिका लागि ट्रम्पको प्रयासलाई ध्यानमा राख्दै यो निर्णय लिएको बताए ।

इजरायलभन्दा पहिले पाकिस्तानले जुन २० मा नोबेल शान्ति पुरस्कारका लागि ट्रम्पको नाम सिफारिस गरेको थियो ।

ट्रम्पले यसअघि जुन २२ मा आफूलाई ४/५ पटक नोबेल शान्ति पुरस्कार पाउनुपर्ने बताएका थिए । तर आफूलाई उनीहरूले सो पुरस्कार नदिने र उदारवादीहरूलाई मात्रै दिने बताएका थिए ।

Find us on : facebook/ aarthikdainik


## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रंगेली, मोरङ्ग ।

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०३/२५**

यस रंगेली नगरपालिकाबाट मिति: २०८२/०३/०४ गतेको जनसवाल राष्ट्रिय दैनिकमा प्रकाशित राष्ट्रिय स्तरको पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनको शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना बमोजिम मिति २०८२/०३/१९ गते खोलिएको दरभाउपत्रहरुको मिति २०८२/०३/२३ गते मुल्याङकन समितिबाट निर्णय भए बमोजिम तपशिलको दरभाउपत्र न्यूनतम मुल्याङ्किक सारभूतरुपमा प्रभावग्राही रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपशिल**

| सि.न. | योजनाको नाम | बोलपत्रदाताको नाम | कवोल रकम रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | राष्ट्रिय स्तरको पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशन | फ्युचरहव मिडिया मल्टीप्रपोज प्रा.लि. | १५१.४२ |

**प्रमुख प्रशासकीय अधिकृत**



**हकदावीको सूचना**

श्री भुवा नन्द वेलवासेको नाति, श्री तारापती वेलवासेको छोरा स्थाई ठेगाना अर्घाखाची जिल्ला, भूमीकास्थान नगरपालीका वडा नं. ०१ भई हाल काठमाण्डौ जिल्ला का.म.न पा वडा नं. ३२ बस्ने वर्ष ५३ को श्री केशवराज वेलवासेको मिति २०८२/०२/२४ गते मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको वचत खाता नं. ०७९०५३९०२५११२९ र मुद्धती खाता नं.०७९०३१४०२५६१३१ र ०७९०३१४०२५६५२० मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती शारदा पराजुली वेलवासेले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. | शाखा कार्यालय, पेप्सीकोला, काठमाण्डौ फोन नं. ४९९३०२२/४९९३०३४/४९९३०३५



**सूचना ! सूचना !! सूचना !!**

काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बराही बस्ने श्री चण्डीका कुमारी राउत खड्काको यस वडा कार्यालयमा बुझाएको निवेदन अनुसार विगत ५ वर्ष देखि निवेदकको घरमा स्मार्ट टावर राखेको स्मार्ट टेलिकम प्रा. लि., कुमारीपाटी ललिपुरले सम्झौता/करार अनुसार वहाल रकम समेत नबुझाई सम्पर्क विहिन भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिनको सार्वजनिक सूचना जारी गरिएकोमा हालसम्म सो कम्पनीको संचालक सम्पर्कमा नआएकोले सो सूचनाको प्रति समेत संग्लन गरी स्मार्ट टावर हटाई पाऊँ भन्ने निवेदन यस वडा नं. ४ कार्यालयमा प्राप्त भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात र प्रमाण सहित का.म.पा. वडा नं. ४ कार्यालयमा सम्पर्क गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

**का.म.न.पा. ४ नं वडा कार्यालय, वालुवाटार, काठमाडौं ।**



## ग्लोबल आइएमई बैंक लिमिटेडको
### शाखारहित बैंकिङ्ग सेवा स्थानहरू बन्द गरिने सम्बन्धी जरुरी सूचना

ग्लोबल आइएमई बैंक लिमिटेडबाट संचालित तपसिलमा उल्लेखित ३ स्थानमा रहेका शाखारहित बैंकिङ्ग सेवाहरु बैंकको संचालक समितिको निर्णय अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिई बन्द भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त स्थानका ग्राहक महानुभावहरुले यस बैंकको यसै सूचनामा उल्लेखित नजिकैका शाखाहरुबाट बैंकिङ्ग सेवा नियमित गर्नहुन सादर अनुरोध गर्दछौं।

**तपसिल**

**बन्द गर्नुपर्ने शाखारहित बैंकिङ्ग सेवाको विवरण:**

| क्र.सं. | शाखारहित बैंकिङ्ग सेवा | न.पा/ गा.पा, वडा नं. | सम्बन्धित शाखा | सेवा संचालन भएको मिति | अभिकर्ताको नाम |
|---|---|---|---|---|---|
| १ | गुमि शिबनगर | गुर्भाकोट नगरपालिका -१३ | गुर्भाकोट | २०७५/०८/१४ | भोटेचुली मनी ट्रान्सफर |
| २ | सन्नी | त्रिवेणी गाऊँपालिका -०२ | कालिकोट | २०७६ /०२/०५ | प्रेम बहादुर बुढा |
| ३ | कुमाख | कुमाख गाऊँपालिका -०७ | थारमारे | २०७५/०८/ १२ | बोहरा मनी ट्रान्सफर |

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

**कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्ट: ०१-५९७०६००**



## कर्मचारी आवश्यकता

(विज्ञापन प्रकाशित मिति : २०८२/०३/२५ गते)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्रात राष्ट्रियस्तरको उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई देहाय बमोजिमको पदमा कर्मचारी आवश्यक भएकोले योग्यता पुगेका परिणाममूखी इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका पदहरुमा दरखास्त आह्वान गरिन्छ ।

| विज्ञापन नं | पद | श्रेणी | संख्या | योग्यता |
|---|---|---|---|---|
| १०/२०८१/०८२ | कनिष्ठ अधिकृत / अधिकृत | अधिकृत | केहि | अधिकृत पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरी बैंक तथा वित्तीय संस्थामा एक तहमुनिको पदमा कम्तीमा ४ बर्ष कार्यानूभव भएको हुनु पर्नेछ । कनिष्ठ अधिकृत पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरी बैंक तथा वित्तीय संस्थामा एक तहमुनिको पदमा कम्तीमा ३ बर्ष कार्यानूभव भएको हुनु पर्नेछ । |
| ११/२०८१/०८२ | सहायक / वरिष्ठ सहायक / सुपरभाईजर | सहायक | केहि | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरी बैंक तथा वित्तीय संस्थामा एक तह मूनिको पदमा २ वर्षको कार्यानूभव भएको हुनु पर्नेछ । |
| १२/२०८१/०८२ | कनिष्ठ सहायक प्रशिक्षाथी | सहायक | केहि | मान्यता प्राप्त शैक्षिक संस्थाबाट, एसईई वा सो सरह परीक्षा उत्तीर्ण भई कम्प्यूटर सम्बन्धि ज्ञान भएको । |

विज्ञापन सम्बन्धी थप व्यवस्थाहरु:

१. दरखास्त दिने प्रकृया: नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि, यस वित्तीय संस्थामा सेवा गर्न ईच्छूक हुनुको बारेमा १ पेजको हस्त लिखित आलेख सहितको निवेदन तथा बायोडाटा (CV) सम्लग्न गरी पेश गर्नु पर्नेछ । दरखास्त फाराम वित्तीय संस्थाको **Website :** www.unnatislbs.com/Careers मा गई आवश्यक विवरण भरी **Apply** गर्न सकिनेछ ।
२. उमेरको हद: आवेदन दिने अन्तिम मितिसम्म अधिकृत श्रेणीको लागि २१ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, अन्य पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारहरुको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हुनेछ, वित्तीय संस्थामा वहालवाला कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन ।
३. परीक्षाको किसिम: सहायक श्रेणीको लागी अन्तरवार्ता र अधिकृत श्रेणीको लागि अन्तरवार्ता तथा प्रस्तुतिकरण रहनेछ ।
४. तलव, भत्ता, तथा अन्य सूविधा : वित्तीय संस्थाको नियमानूसार ।

नोट : रितपूर्वक प्राप्त दरखास्तहरु मध्यबाट छोटो सूचीमा परेका उम्मेदवारलाई मात्र छनौट प्रकृयाको लागि सम्पर्क गरिनेछ । अन्तरवार्तामा आउदा सम्वन्धित कागजातहरुको सक्कल प्रमाण पत्रहरु साथ ल्याउनु पर्नेछ । कर्मचारी छनौट प्रकृया स्थगन गर्ने, रद्ध गर्ने, लगायत कर्मचारी छनौट सम्वन्धी सम्पुर्ण निर्णय गर्ने अधिकार यस वित्तीय संस्थाको पदपूर्ति समितिमा निहित रहनेछ ।

पदपूर्ति समिति:

उन्नति सहकार्य लघुवित वितीय संस्था लिमिटेड
Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited
सि.न.पा-१२, रुपन्देही



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना २५ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : बिजुवार शाखा** — **कर्जा शिर्षक : सहुलियत कर्जा**

**ऋणीको विवरण**

नाम : **लक्ष्मी ड्रिम ब्युटि केयर सेन्टर** प्रोपाइटरको नाम : मनिषा पुन दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिती प्यूठान, नेपाल प्रा.फ.र.न. : २७८०/०७५/०७६ दर्ता मिति : २०७६/०१/३१
फर्मको ठेगान : प्यूठान जिल्ला प्यूठान न.पा. वडा नं. ८ बाग्दुला,प्यूठान स्थायी लेखा नं : ६१०७३१८२४

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) खडकबहादुर पुनको छोरी मोहन गिरीको बुहारी सरोज गिरीको पत्नी कपिलबस्तु जिल्ला शिवपुर वडा नं. ६ हाल, प्यूठान जिल्ला प्यूठान न.पा. वडा नं. ८ बस्ने **मनिषा पुन** (ना.प्र.नं. : ३८२०५८/१६३१३ जारी मिति र जिल्ला : २०७०/०२/२८, कपिलबस्तु)

२) चुमान गिरीको नाति मोहन गिरीको छोरा प्यूठान जिल्ला धर्मावती गा.बि.स वडा नं. ७ हाल, प्यूठान न.पा. वडा नं. ८ बस्ने **सरोज गिरी** (ना.प्र.नं. : ५३१०१७/७२० जारी मिति र जिल्ला : २०६६/०९/१६, प्यूठान)

३) निमा गिरीको छोरी चुमान गिरीको बुहारी मोहन गिरीको पत्नी प्यूठान जिल्ला धर्मावती वडा नं. ३ हाल, प्यूठान न.पा. वडा नं. ८ बस्ने **लक्ष्मी गिरी** (ना.प्र.नं. : ०५३३०१७/१९६ जारी मिति र जिल्ला : २०६३/१०/१९, प्यूठान)

४) मोहन बहादुर जि.सी.को छोरी बल बहादुर थापाको बुहारी सुर्य बहादुर थापाको पत्नी प्यूठान जिल्ला धर्मावती वडा नं. ७ हाल, प्यूठान न.पा. वडा नं. ८ बस्ने **मीना थापा** (ना.प्र.नं. : ५३१०१७/५३९ जारी मिति र जिल्ला : २०६४/१०/१४, प्यूठान)

**२) शाखा कार्यालय : राजिपुर शाखा** — **कर्जा शिर्षक : साधरण कर्जा**

**ऋणीको विवरण**

थेपि राम सुनारको नाति जंग बहादुर सुनारको छोरा कैलाली जिल्ला मसुरिया वडा नं. ४ हाल, गारीगंगा न.पा. वडा नं. ८ बस्ने **लाल बहादुर सुनार** (ना.प्र.नं. : ६७१००७/१७४४ जारी मिति र जिल्ला : २०६४/०४/०७, कैलाली)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) अतवारी लाल ड.थारुको नाति पन्चराम ड. थारुको छोरा कैलाली जिल्ला मसुरिया गा.वि.स वडा नं. ५ हाल, गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **कृष्ण बहादुर चौधरी ड.थारु** (ना.प्र.नं. : ६६६९६ जारी मिति र जिल्ला : २०६२/०८/०६, कैलाली)

२) नारायण कामीको छोरी जंग बहादुर सुनारको बुहारी लाल बहादुर सुनारको पत्नी कैलाली जिल्ला सहजपुर वडा नं. ६ हाल, गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **गंगा बि.क.** (ना.प्र.नं. : ६७१०१२/३५२५ जारी मिति र जिल्ला : २०६७/०६/१९, कैलाली)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## LALJHADI RURAL MUNICIPALITY
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
**Shankharpur, Kanchanpur, Sudurpaschim Province Nepal**

### INVITATION FOR ELECTRONIC BIDS

**Date of First Publication:- 2082/03/24**

1. Laljhadi Rural Municipality, Office of Rural Municipal Executive, Shankharpur, Kanchanpur [LRM] invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount (NRs.) | Estimated Amount (NRs., Exclusive of VAT, and Contingencies) | Cost of Bidding Document (NRs.) | Bid Validity (Days) |
|---|---|---|---|---|---|
| LAL/W/NCB/2081/082-06 | Construction of Safe Shelter House in Laljhadi RM | 2,02,000.00 | 65,14,686.74 | 3000.00 | 90 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Rural Municipal Executive, Shankharpur, Kanchanpur or may visit www.laljhadirmnc.gov.np & PPMO's website www.bolpatra.gov.np.

**Chief Administrative Officer**